# दोस्रो गाउँसभा तथा प्रथम अधिवेशन

## आर्थिक बर्ष २०७९।०८०

गौमुल गाउँपालिका

घट्मुना बाजुरा

मिति २०७९ असार १०

**दोस्रो गाउँसभा तथा प्रथम अधिवेशनमा प्रस्तुत**

## आर्थिक बर्ष २०७९।०८० को निति कार्यक्रम तथा बजेट

अध्यक्ष महोदय,

हाम्रो गाउँपालिकाको दोस्रो गाउसभा तथा पहिलो अधिवेशनमा उपस्थित सम्पुर्ण महानुभावहरुमा हार्दिक स्वागत तथा नमस्कार व्यक्त गर्न चाहन्छु ।

नेपालको शासनलाई सघिय लोकतान्त्रीक गणतन्त्रात्मक व्यवस्थामा पुऱ्याउन जिवनको आहुती दिने शहिदहरु प्रति भावपूर्ण श्रदाञ्जली व्यक्त गर्दछु । सम्पूर्ण घाइते तथा अपाङ्गहरुको स्वास्थ्य लाभको कामना गर्दछु ।

हामी देश सघिय सरचनामा सचालन भएपछिको यो दोस्रो कार्यकालको दोस्रो गाउँसभा तथा पहिलो अधिवेशनमा उपस्थित छौ । हामीले प्राप्त गरेको जिम्मेवारीलाई सृजनशिलताका साथ समग्र पालिकाको विकासमा लगाउनु पर्नेछ । दिगो विकास लक्ष्य ,पन्ध्रौ योजना,प्रदेश तथा पालिका आफैले लिएको लक्ष्य र सुखि नेपाली समृद्ध नेपालको राष्ट्रिय आकाँक्षा पुरा गर्नु हाम्रो दायित्व हो । हामी सग भएको सिमित स्रोत साधनको समुचित ढगले प्रयोग गर्दै जनताका आधारभुत आवश्यता पुरा गर्नु पर्नेछ । विभेद रहित सामाजिक न्याय सहितको समाज निर्माण गर्नु पर्नेछ । **आत्मनिर्भर जनता गौमुल समृद्धिको आधारः शिक्षा स्वास्थ्यमा सुधार ,जडिबुटी र पर्यटन प्रबर्द्धन सहकारी मार्फत कृषी जन्य व्यापार** मुल नारालाई आत्मसात गर्दै यस बर्षको बार्षिक निती कार्यक्रम ल्याउने प्रयास गरिएकोछ ।

अध्यक्ष महोदय,
यो निती तथा कार्यक्रम तयार गर्दा निन्नानुसारका सिद्धान्तहरुलाई आधार मानीएको छ ।
१.सुखि नेपाली,समृद्ध नेपालको राष्ट्रिय आकाँक्षा ।
२.दिगो विकास लक्ष्य,पन्ध्रौ विकास योजना,बेइजिङ्ग घोषणा पत्र,प्रदेश सरकारले लिएको लक्ष्य र पालिकाले निर्धारण गरेका लक्ष्य ।
अध्यक्ष महोदय,
अव म चालु आ व सम्मको क्षेत्रगत समिक्षा प्रस्तुत गर्न अनुमती चाहन्छु ।

**क) पूर्वाधार विकासः**

- गाउँपालिकाको भवन ९८ प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ ।
- घटमुना काल्च्या सडक खुलेको छ भने वडा न ३ को सडक खन्ने काम नियमित भईरहेको छ ।
- १० सैया अस्पताल निर्माणको चरणमा रहेको छ ।
- फनपार्क निर्माणाको चरणमा रहेको छ ।
- सबै वडा कार्यालयहरुमा बिधुत खानेपानी जडान सौचालय सुधार तथा निर्माण गरिएका छन।
- वडा न ४ र ५ जोड्ने सडक नियमित संचालनमा रहेको छ ।
- आधारभुत स्वास्थ्यका भवन निर्माण सम्पन्न भई नियमित सेवा सुचारु हुदै आएको छ ।
- घट्मुनामा सार्वजनिका शौचालय निर्माण गरिएको छ ।
- सबै परिवारहरुले सहजै खानेपानीको उपयोग गर्ने गरि खानेपानिका योजना सम्पन्न गरिएका छन ।
- १२ वटा विद्यालय भवन निर्माण भएका छन भने ६ विध्यालयका भवन निर्माणाधिन चरणमा रहेका छन ।
- ६ विध्यालयमा शैचालय निर्माण गरिएका छन ।
- वडा न १ र २ का उज्यालोबाट बन्चीत बस्तीहरुमा उज्यालो बनाउन कादुरी सस्था पोखरा सग सम्वनय गरी १०० कि वा को बिधुत उत्पादन भइ संचालनमा आएको छ ।

**ख) सामाजिक विकासः**

- उच्च शिक्षा अध्ययनका लागी छात्रवृत्ती १०८ जनालाइ वितरण गरिएकोछ ।
- सामाजिक सुरक्षा भत्ता तिन वडा ४ ५ र ६ बैक मार्फत र अन्य वडाहरुमा समयमै सम्बन्धित वडा कार्यालयबाट वितरण गर्ने गरिएको छ।
- महिला हिसाँ लाई न्यूनिकरण गर्न वडा तथा गाउँपालिका स्तरिय विभिन्न जनचेतनामुलक कार्यक्रम संचालन गरिएका छन ।
- कोभिड १९ को व्यवस्थापनका लागि पालिकामा अक्सिजन सहितको आईसोलेसन स्थापना औषधि तथा आवश्यक स्वास्थ्य सामाग्रीहरुको उचित व्यवस्थापन गरिएको छ ।
- स्वास्थ्य क्षेत्रमा औषधीको अभाव नहुन दिइ उपचार पूर्व रोकथामको बिषयमा स्वास्थ्य शिक्षा दिनका लागि टोल टोलमा हरेक स्वास्थ्य क्रर्मि पुग्ने व्यवस्था गरिएको छ ।
- गाउँपालिकाको केन्द्रमा भिडियो एक्सरे र सिआर मेसिन जडान तथा फार्मेसि स्थापना गरि **MBBS** डक्टर सहित सेवा निरन्तर सचालनमा रहेएको छ ।
- शसत्र अनुदानका कार्यक्रमहरु निरन्तर रुपमा संचालन गरिएका छन ।
- सबै नागरिकहरुलाई कोभिड १९ विरुद्धको खोप लगाईएको छ ।
- आर्थिकरुममा विपन्न घरपरिवारहरुलाई निशुल्क स्वास्थ्य उपचारको व्यवस्था गरिएको छ ।

- प्रत्येक वडाहरुमा स्वास्थ्य बुवा समुह महिला स्वास्थ्य स्वयमसेवीकाहरुलाई परिचालन गरि  स्वास्थ्य क्षेत्रमा उल्लेखनिय टेवा पुगेको छ ।
- जिल्ला अस्पतालको समन्वयमा एक गाउँ एक चिकित्सक  , क्षयरोगीहरु र  कुपोषण खोज पडताल गरि स्वास्थ्य सेवा शिविर संचालन गरिएको छ ।
- क्षयरोगीहरुलाई सम्बन्धित ठाउँमा प्रेषण गर्नका लागि यातायात खर्चको व्यवस्था गरिएको छ ।
- गाउँपालिकाको केन्द्रमा आयुर्वेदिक मार्फत  सेवालाई निरन्तरता दिएको छ ।
- अपाङ्ग भएका व्यक्तिहरुको लगत संकलन गरि अपाङ्ग परिचय पत्र वितरण गरिएको छ ।
- सुनौला हजार दिनका आमाहरुलाइ पोषण सम्बन्धिका सामाग्रीहरु वितरण गरिएको छ । कुखुरा विउविजन तथा कृषी औजारहरु वितरण कार्य सम्पन्न गरिएकोछ ।
- बालविवाहलाइ रोक्न अथक प्रयास गरिएको छ । कतिपय विवाह स्थगित गरि केटा केटीहरुलाइ आफ्नो आफ्नो घर पठाउने र कतिपयको विवाहलाइ हुनै नदिने गरी सामाजिक रुपमै रोक्ने प्रयास गरिएको छ ।

**ग) आर्थिक विकासः**

- गाउपालिका भरिका विभिन्न  क्षेत्रको हावापानी प्राविधिक सम्भाव्यताको अध्ययन अवलोकन गरी फलफुल खेतीको सम्भावनार्थ स्याउ  ११ हजार, दाँते ओखर २००० हजार, विरुवा वितरण गरिएको छ ।
- मसला खेतीप्रर्वद्धन गर्न प्रत्येक वडामाका टोलहरुमा कृषक समुहमार्फत अलैची , अदुवा, खुर्सानी आदीमसला बालीको व्यावसायिक खेतीको सुरुवात गरिनु का साथै उत्पादन पश्चात प्रशोधनको लागि मसला उद्योगको स्थापना गरिएको छ । (गौमुल मसला उद्योग गौमुल ६)
- सिमि उत्पादनको क्षेत्र विस्तार बजार व्यवस्थापनको लागि  सिमि संकलन केन्द्रको स्थापना र व्यवस्थापन गरी सहकारी मार्फत संकलन केन्द्र र कोषेली घर निर्माण गरिएको छ ।
- कृषकको क्षेमता विकाशका  लागि पटक पटक समुह छलफल अनुगमन , मुल्यांकन गरी सफल कृषकहरुलाई विभिन्न  जिल्ला तथा क्षेत्र स्तरका तालिममा सहभागि गराउने कार्य नियमित भईरहेको छ ।
- हाल सम्म कृषि विकाश शाखा र विभिन्न निकायबाट गठन गरिएको कृषक समुहहरु ६९ वटा यस शाखाको अभिलेखमा दर्ता भएका छन र ४ वटा फलफुल तथा तरकारी फर्महरु दर्ता भएका छन ।
- सिमिको बजार प्रवद्धन गर्नकालागि प्याकिंग व्यागको व्यवस्थापन गरी २ वटा सहकारी र कृषक समुह मार्फत कृषि ज्ञान केन्द्र बाजुरा र बाजुरा कोषेलि घरको समन्वयमा तत्काल १०० क्विन्टल सिमि बजारमा पुर्याई जिल्ला भित्र र जिल्ला बाहिरका उपभोक्ताहरुलाई विक्रि वितरण गरिएको छ ।
- गौमुल गाउँपालिका भरीका कृषकले उत्पादन गरेका विउको गुणस्तरमा परिवर्तन गर्न गहुँ र मकैको  हावापानी सुहाउदो उन्नत १०क्विन्टल मुल विउ र ८० क्विन्टल उन्नत गहुँको बीउ वितरण गरीएको छ ।
- कृषकका साझा समस्या समाधान गर्न बाली संरक्षण सेवा, प्राविधिक सेवा, क्षेमता विकाश तालिम, गोष्ठी आदी कार्यक्रमहरु आवश्यकता अनुसार निरन्तररुपमा संचालन हुदै आएका छन ।
- रैथाने बाली प्रवर्धन कार्यक्रम अन्तरगत कोषेलिघर निर्माणमा सहयोग, ढुवानी अनुदानको व्यवस्था गरिएको छ ।
- रैथाने बाली परिकार विविधिकरणका लागि गौमुल गाउँपालिकाको केन्द्रमा रहेका होटेल व्यवसायिलाई तालिममा सहभागि गराई सामाग्रि उपलब्ध गराएको छ । (घटाल होटल एण्ड लज, घट्मुना बाजुरा)
- गाउँपालिका भरिका १६०० घरधुरीका परिवारको पोषण सुधार र व्यावसायिक तरकारी खेतीको सुरुवातका लागि हिउदे मौषम तरकारीका उन्नत विउहरु ५० प्रतिशत अनुदानमा वितरण गरिएको छ ।
- गाउँपालिकामा बढि उत्पादन हुने जौ बालीलाई राष्ट्रिय स्तर सम्म प्रचार प्रसार गरी उक्त बालीको पौष्टिक महत्व झल्काउनका लागि प्याकिंग बोरा छपाई तथा समग्र रैथानेबालीको ढुवानीमा अनुदानको व्यवस्थापन गरिएको छ । (५०० व्याग छपाई तथा वितरण)
- गाउँपालिकामा अत्याधिक उत्पादन भएको बेसार र अदुवालाई बजारिकरण गर्न उद्योग स्थापनाको आवश्यक प्रकृया अघाडि बढाईएको छ । साथै अदुवा तथा वेसारको विउ विक्रिको लागि जिल्लाको विभिन्न स्थानिय तहहरु संग समन्वय गरिएको छ ।
- देखेर सुन्ने र गर्ने प्रविधि अवलम्वन गर्न आम समुदायलाई उत्पादन प्रविधि हस्तान्तरण गर्न बृहत कृषि मेला प्रदर्शनी कार्यक्रम सम्पन्न भएको छ ।
- गाउँपालिकाका भित्रका अगुवा कृषकको छनोट गरि ३ वटा फलफूल विरुवा नर्सरी स्थापना भएका छन ।(वडा नं.२ र ६)
- नौमुल बहुउद्धेश्यिय सहकारी संस्थाको आयोजनामा गौमुल गाउँपालिका १,२ र ३ मा उत्पादन हुने जौ बाली प्रशोधनको लागि कृषि ज्ञान केन्द्र बाजुराको करिव १० लाख बराबरको आर्थिक सहयोगमा गौमुल गाउँपालिका वडा नं. २ सिममा जौ प्रशोधन केन्द्र स्थापना गरिएको छ।
- गाउँपालिकामा बढि उत्पादन हुने जौ बालीलाई राष्ट्रिय स्तर सम्म प्रचार प्रसार गरी उक्त बालीको पौष्टिक महत्व झल्काउनका लागि प्याकिंग बोरा छपाई तथा समग्र रैथानेबालीको ढुवानीमा अनुदानको व्यवस्थापन गरिएको छ ।

- डालेघासका लागि नर्सरी निमाण गरिएको ।
- सुन्तलालाई बजार सम्म पुगाउने कृर्षकहरुलाई प्रोत्साहित गरिएको छ ।
- साना सिचाई योजना ३ वटा सम्पन्न (३० हेक्टर)
- कोरोना लक्षित ३ जना कृषकहरुलाई मौरीपालन व्यवसायमा सहयोग ।
- विभिन्न साझेदारी निकाय संगको समन्वयमा कृर्षि सम्वन्धि काम गरिदै आएका छौ ।

**घ) वातावरण तथा विपद व्यवस्थापन**

- वनको सरक्षण तथा व्यवस्थापन गर्न वाहिर वाट आउने चौपायालाइ पूर्ण रुपमा बन्द गरि खुला चरिचरनमा बन्द गर्ने प्रयन्न गरियो ।
- विपद व्यवस्थापन सम्बन्धिका सामाग्रीहरुको तयारी गरि केहि वितरण गरिएको छ र कार्ययोजना तयार पारिएको छ ।
- विपद प्रतिकार्य र विपद मनसुनजन्य योजना अध्यावधिक गरिएको छ ।
- विपद जोखिम न्यूनिकरण सम्वन्धि जनचेतनामुलक कार्यक्रम गरिएका छन ।

**ङ) संस्थागत विकास तथा सेवा प्रवाह**

- डिजिटल नागरिक वडापत्र संचालनमा आएको छ ।
- सम्पूर्ण विध्यालयको सामाजिक लेखा परिक्षण गराई अन्तीम लेखा परिक्षण गरिएको छ ।
- पालिकाका सम्पूर्ण विध्यालयको विध्यालय सुधार योजना बनाई कार्यान्वायनमा रहेको छ ।
- वालवालिकाको पढाईमा रुचि वृद्धि तथा अविभावकको खर्च कम गर्न वाल कक्षाहरुमा खरिपाटि वितरण गरिएको छ ।
- स्थानीय तहको स्वमूल्यङ्कन **LISA** मा ८० प्रतिशत नतिजा हासिल गर्न सफल भएका छौ ।
- वडाहरुमा गाउँपालिकाले उपलव्ध गराउने सेवा सुविधा तथा गाउँपालिकाले गर्ने विभिन्न कार्यक्रमका वारेमा जनता र अन्य निकायहरु लाई जानकारी गरिएको छ ।
- युवाहरुलाई उधमि बनाउन फर्निचर, क्रिस्टल तथ हातेहोजियारी तालिम संचालन गरिएको छ ।
- अव्यवस्थित मदिरा सेवनबाट समाजलाइ सभ्य र सुसस्कृत बनाउन लागु गरिएको मदिरा सेवन कार्ड प्रभावकारी रुपमा कार्यान्वयन भएको छ भने समाजमा शान्तीको प्रत्याभुती दिलाउन सफल भएका छौ ।
- जनतालाइ जनताकै सामाजिक काममा आफै सक्रिय बनाउन देशका लागि दुइ दिन कार्यक्रम संचालनलाई नियमितता दिईएको छ ।
- न्यायीक समिती मार्फत न्याय निरुपणको कामलाइ सक्रियताका साथ निश्पक्ष ढंगले सम्मन्न गर्ने गरिएकोछ ।
- घरेलु उधोगमा बृद्धी गरिएको छ ।

**अध्यक्ष महोदय**

अव म गाउँपालिकाका सवल पक्षहरु,अवसरहरु ,सुधार गर्नु पर्ने पक्षहरु र चुनौतीहरु प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

**क) यस गाउँपालिकाको सवल पक्षहरुः**

- ५७ वटा निति तथा नियमावली पारीत गरि कार्यान्वयनमा रहेका छन।
- डिजिटल प्रोफाईल अध्यावधिक गरिएको छ भने डिजिटल नागरिक वडा पत्र गाउँपालिकामा शुरु गरिएको छ ।
- सरकार र जनताविच सुचनाको आदाप प्रदानका लागि पालिकाले रेडियो गौमुल मार्फत सुचना सन्देश प्रशारण गरिदै आएका छौ ।
- विभिन्न साझेदारी निकायहरुसंग समन्वय गरि पालिकामा लगानी भित्र्याउने कार्य गरिरहेका छौ ।

- पालिकाको स्थानीय उत्पादनलाई प्रचार प्रसार गर्न मार्तडिमा रहेको गौमुल कोषेलि घरलाई नियमितता दिएका छौ ।
- गाउँपालिका भित्र छ वडाकार्यालय मध्ये पाँच वडाको भवन निर्माण भइ कार्यालयको काम सुचारु गरिएको ।
- गाउँपालिका द्वारा संचालन भएका विभिन्न विकास निमार्ण सेवा सुविधा प्रति जनसमुदायको गुनासो अपेक्षा तथा जनप्रतिनिधि र समुदाय विच को दोहोरो अन्तरक्रिया कार्यक्रम नियमित सचालन गरिएकोछ ।
- ९५ प्रतिशत खानेपानि मा पहुच पुगाएको छ ।
- प्रत्येक वडामा आधारभुत स्वास्थको व्यवस्था गरि जनतालाई स्वास्थ्य सेवाको पहुचमा पुगाएको छ।
- सवै वडाकार्यालयमा इन्टरनेटको पहुच भएको।
- पुराना महिला स्वयमसेविका लाई व्यवसायमा संलग्न गराई कम्तिमा SEE गरेका नयाँ स्वयमसेविका छनोट गरेको।
- साक्षर गाउँपालिका घोषणा गरेको।
- हरेक वर्ष कृषकहरुलाई अवलोकन भ्रमर्ण गरिएको छ।
- समग्र खेतिको सम्भव्यता अध्ययन गरी उन्नतजातको इटलिबाट विउ भित्र्याई स्याउ खेती सुरु गरिएको।
- गाउँपालिका भित्रका सवै सडकहरुको DPR तयार तथा वातावरणीय प्रभाव मुल्याकन समेत गरेको छ।
- गाउँपालिका भित्रका सवै सडक संजालको RTMP तयार भैसकेको छ।
- शैक्षीक सुधारका लागी,दरवन्दी मिलान ,शैक्षिक अनुदान थप गरिएको छ भने सवै विद्यालयका संरचना भुकम्प प्रतिरोधी वन्ने गरि DPR गरी भवनहरु निर्माण हुदै छन।
- विधार्थि को चारित्रीक विकास गर्न विधार्थि ,शिक्षक र विध्यालय व्यवस्थापन समितिलाई तालिमको व्यवस्था गरिएको छ।

- गाउँपालिका भित्र गरिव तथा जेहेन्दार विधार्थिलाई उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्तीको व्यवस्था गरिएको छ हालसम्म १०८ जना लाई छात्रवृत्ती वितरण गरिएको छ।
- छाडा पशु पालनलाई व्यवस्थापन गरिएको छ।
- जनतालाई जडिवुटिमा आत्मनिर्भर वनाउन जडिवुटिको सम्भाब्यता सम्वन्धि DPR तयार भएको र हाइटेक प्रविधिको जडिवुटि नर्सरी स्थापनाकोलागि अध्ययन सम्पन्न भएको छ।
- स्थानिय उत्पादन सिमिलाई जोड दिई बजार सम्म पुगाउन अनुदान दिदै आईरहेको छ भने यस ले गर्दा उत्पादनमा व्यापक वृद्धि भइरहेको छ।
- सबै बस्तीहरुलाई उज्यालोको पहुचमा ल्याउन सफल भएको ।

**ख) यस गाउँपालिकाले सुधार गर्नु पर्ने पक्षहरुः**

- संचारको पहुच सवै ठाउमा सहजरुपमा उपलव्ध हुन नसकेको ।
- कृर्षिमा व्यवसायिकरण र विविधिकरण हुन नसकेको हाल निर्वाहमुखि कृर्षि प्रणाली मात्र भएको ।
- पर्यटन क्षेत्रको पहिचान हुन नसकेको र आन्तरिक पर्यटनलाई प्रवदन गर्न नसकिएको ।
- खनिज पदार्थ फलाम सेलेट आदिको सम्भावना हुदा हुदै पनि पहिचान गर्न नसकिएको ।
- बेरोजगारिका कारण युवा जनशक्ति विदेश पलायन हुनु परेको र व्यवस्थापन गर्न नसकिएको ।
- आन्तरिक आम्दानीमा बृद्धी गर्न सकिएको छैन ।

**ग) यस गाउँपालिकाको अवसरः**

- यस गाउँपालिकामा उत्पादित कृर्षि, पशुजन्य, जडिवुटी फलफुल, तरकारी नगदेवालि आदि वस्तुको उत्पादन तथा संकलन केन्द्रको स्थापना तथा सहज रुपमा निर्यात गरि आय आर्जनमा बृदि गर्न सकिने ।
- पर्यटन जन्य श्रोतहरुको पहिचान र पर्वदन गरि आन्तरिक तथा वाह्य पर्यटनको विकास गर्न सकिने ।
- यस गाउँपालिका भित्र विभिन्न क्षेत्रमा रहेको खनिज पदार्थ फलाम खानि सेलेट आदिको खोज अनुसन्धान गरि रोजगारीको सृर्जना गर्न सकिने।
- विधुत उत्पादनमा ठुलो सम्भावना रहेकोले यस कुरालाइ जोड दिएमा यस गाउँपालिकाका जनताको जिवनस्तर बृद्धी हुने देखिन्छ
- खनिज पदार्थको सम्भावना रहेकाले यसको उत्खनन् गरेमा आत्मनिर्भर गाउँपालिका बन्न सक्ने देखिन्छ ।

**घ) यस गाउँपालिकाका चुनौतिहरुः**

- विकट भौगोलिक अवस्थितिका कारण सबै वडाहरुमा विकासका पूर्वाधारहरुको विस्तार गर्न कठीनाई ।
- वारम्वार विपदका कारण भौतिक तथा मानविय क्षेति हुने भएकाले विकास निर्माणमा अवरोध ।
- निर्वाहमुखि कृर्षि प्रणालिलाई व्यवसायिकरण र विभिधिकरण गर्नका लागि प्रयाप्त स्रोतको अभाव रहेको।
- आर्थिक मानविय स्रोत साधानको सिमितताका विच जनताका असिमित मागहरु सम्वोधन गर्न कठिनाइ छ ।
- संचार सुविधा पनि हाम्रो पालिकाको अर्को चुनौती रहेको छ ।

**गाउँपालिकाको आर्थिक वर्ष २०७८।०७९ को २०७९ असार ७ गतेसम्मको यथार्थ आय व्यय देहाय बमोजिम रहेको छ ।**

**कुल बजेट ४० करोड २९ लाख ९१ हजार २ सय ८२ रहेको छ ।**

**कुल खर्च २७ करोड ८८ लाख ४९ हजार १ सय ८७ रहेको छ ।**

प्रतिशतको हिसाबले ६९ दशमलव १९ प्रतिशत खर्च भएकोछ ।

**अध्यक्ष महोदय**

अव म आगामी आर्थीक बर्ष ०७९।०८० मा लिइने क्षेत्रगत निती तथा गरिने कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**क्षेत्रगत नितीहरु**

**१. भौतिक पूर्वाधार**

- आगामी १ बर्ष भित्र वडा नं १,२ र ३ को वडा कार्यालयमा सडक पुराइने छ।
- वडा नं ४ र ५ सम्म आगामी ३ बर्ष भित्र ग्रावलिङ्ग गरि सक्ने र सोही सडक खण्डमा पर्ने २ वटा मोटरपुल निर्माण गरि सर्कनि छ।
- घटमुना काल्वे बझाङ्ग सडक आगामी ३ बर्ष भित्र खोली सकिनेछ र घटमुना देखि माझपाली सम्म निरन्तर सडक सुचारु आगामी १ बर्षबाट गरिनेछ।
- आटिचौरबाट कोट हुदै घटमुना मार्तडी सडकलाइ बाजुरा सदरमुकामको बैकल्पीक राजमार्गको रुपमा डिपिआर तयारी तथा निर्माण कार्य अगाडी बढाइनेछ।
- भौनेरा देखि घटमुना सडकको कालोपत्रेका लागि बिशेष पहल गरिनेछ।
- वडा नं ५ को कोट देखि बझाङ्ग सम्मको सडकको डिपिआर तयार गरिनेछ भने निर्माण कार्य अगाडी बढाइनेछ।

- वडा नं ३ वडा नं २ र वडा नं १ मा पर्ने मोटरपुल निर्माण कार्य आगामी ५ बर्ष भित्र गरिसकिनेछ ।
- वडा नं ६ को सटेडा देखि सिल्का सम्मको मार्ग १ बर्ष भित्र सचालनमा ल्याइनेछ ।
- सबै टोलहरुमा मोटरबाटो जोड्न सडक योजना तयारी पारीनेछ ।
- यस पालिका भित्रका झोलगेपुल आवश्यक पर्ने ठाउँहरुमा आगामी ३ बर्ष भित्र निर्माण गरिसकिनेछ ।
- वडा नं ३ मा २६० मिटर लामो झो. पु. निर्माण कार्य अगाडि बढाइने छ । भने वडा नं २ को धजालाउना देखि पारि ढम्णीया सम्मको ५६० मिटर लामो ऐतिहासिक झो पु आगामी ३ बर्ष भित्र सम्पन्न गरिने छ ।
- हाम्रो पालिकामा भौगोलिक विकटता छ अहिले पनि पैदलयात्रा गरिरहनु पर्ने बाध्यता छ । सबै क्षेत्रका पैदय बाटाहरुलाई चौडा तथा सजिला बनाईनेछन । यो कार्य आगामी २ बर्ष भित्र सम्पन्न गरिसकिनेछ ।
- सबै बस्तीमा सहजै टेलिफोन सेवा सचालनका लागि आवश्यक ठाउहरुमा टावर स्थापना गरिनेछन । वसालाको डाडोमा आगामी एक बर्ष भित्र टावर सचालन गर्ने गरि विषेस पहल गरिने छ ।
- सबै विधालयहरुको पूर्वाधार निर्माणको कार्य आगामी ३ बर्ष भित्र सम्पन्न गरिसकिनेछ ।
- सबै विधालय भित्र इन्टरनेट सेवा सचालन गरिनेछ । यो कार्य आगामी दुइ बर्ष भित्र गरिनेछ ।
- आगामी दुइ बर्ष भित्र सबै टोलहरुमा एउटा एउटा सामुदायिक भवन निर्माण गरिनेछ
- गाउँलाई गाउँशहर वनाउने योजना अगाडी बढाइनेछ । यसका लागि विभिन्न ग्रामिण बस्ती विज्ञहरुको सहयोग लिइनेछ ।
- आगामी दुई बर्ष भित्र वडा नं ६,४ र ५ मा केन्द्रीय विधुत प्रशारण लाईन विस्तार र सचालन गर्न विशेष पहल गरिनेछ
- आगामी २ बर्ष भित्र आवश्यक खेतीयोग्य जमिनमा प्रायाप्त सिचाईको व्यवस्था गरिने छ ।

**२. आर्थिक विकास तर्फ**

**क) कृषी**

- कृषकहरुलाई व्यवसाय अनुसारको अनुदान उपलब्ध गराईने छ ।
- एक घर एक ग्रीन हावस उपलव्ध गराईने छ ।
- कृषी वालि विमा निशुल्क गराईने छ ।
- सहकारी मार्फत कृषी उत्पादनलाई जोड दिइने छ ।
- हरेक वडामा कोल्डस्टोर स्थापना गरिने छ ।
- उत्पादनलाई वजार सम्म पुगाउने अनुदानको व्यवस्था गरिने छ ।
- सबै प्रकारका विउविजन निशुल्क उपलव्ध गराइने छ ।
- एक घर एक जडिबुटी नर्सरीको निती लिइनेछ सोको लागि राहात कार्यक्रम ल्याइने छ ।
- एक घर दुइ वारी तोरी, पाचँ घार मैरी अनिवार्य गरिने छ ।

**ख) पर्यटन**

- आन्तरिक तथा बाह्रय पर्यटक भित्राउन विशेष योजना बनाईनेछ । मानव निर्मित स्थलहरु निर्माण तथा प्राकृतिक स्थलहरुको खोजी र संरक्षण गरिनेछ ।
- वडा नं ४ मा निर्माणाधिन बृहत फनपार्क आगामी एक बर्ष भित्र सम्पन्न गरिनेछ ।

**ग) उधोग तथा बाणिज्य ,सहकारी**

- एक गाउँ एक उत्पादन, एक घर एक उधम को मोडलबाट अगाडी वढीनेछ ।
- विभिन्न कच्चा पदार्थको प्रयोग,रोजगारी सिर्जना तथा पालिकाको पहिचान दिने नमुना काम गरिनेछ ।
- निजी क्षेत्र सग साझेदारी गरिनेछ ।
- घरेलु तथा साना उधोगहरुलाई अनुदान दिईनेछ भने आवश्यक उपकरण र तालिमको व्यवस्था गरिनेछ ।
- यस पालिकाका हरेक परिवारको बार्षिक आम्दानी दुई लाख पुर्‍याईनेछ ।
- हरेक व्यक्ती सहकारीमा र सहकारी मार्फत व्यवसायको निती लिइनेछ
- सबै युवाहरुलाई रुचि अनुसारको व्यवसायीक तालिम दिइनेछ ।
- फलाम खानीको अनुसन्धान तथा उत्खनन कार्यलाई अगाडी बढाईनेछ ।

**३. सामाजिक विकास तर्फ**

**क) खानेपानी तथा सरसफाई**

- एक घर एक धारा योजना अगाडी बढाइने छ । हाल सम्म २ वटा गाउँहरुमा शूरु भैसकेकोले अव आगामी ५ बर्ष भित्र सबै घरमा धारा पुगाई सकिनेछ ।
- हरेक घरलाई सुन्दर बनाउन **सुन्दर घर सहयोग कार्यक्रम** लागु गरिनेछ ।
- सुन्दर गाउँ बनाउन हरेक घरको आगनमा बगैचा तथा बृक्षारोपण कार्यक्रम लागु गरिनेछ ।
- महिनावारीलाई सुरक्षित तथा व्यवस्थीत बनाउन हरेक टोलमा सेनेटरी प्याड बैक स्थापना गरिनेछ ।
- हरेक टोलमा एउटा आधुनिक सार्वजनकि सौचालय तथा स्नान गृह निर्माण गरिनेछन ।

**ख) स्वास्थ्य**

- सबै टोलहरुमा स्वास्थ्य सस्थाहरु स्थापना गरिनेछन जहाँ सबै आधुनिक सुविधाहरु भएका हुनेछन् ।
- हरेक परिवारलाई स्वास्थ्य विमा अनिवार्य गराइने छ । पालिकावाट सुविधा प्राप्त गर्ने सबैलाइ अनिवार्य स्वास्य विमा गराइने छ ।
- ११० प्रकारका औषधी व्यवस्थापन र ठुलो उपचारलाई सहयोग कार्यक्रम ल्याइनेछ ।
- महिला स्वास्थ्य स्वयम सेविकाहरुको सुविधालाई बैज्ञानिक ढंगले व्यवस्थापन गरिनेछ ।
- वडा न ६ मा १० शैया अस्पताल स्थापना गरिनेछ भने वडा नं २ मा निर्माणधिन अस्पताल १ बर्ष भित्र सचालनमा ल्याइनेछ ।
- कोही पनि बालबालिका कुपोषित नहुन दिन पोषण कार्यक्रम लागु गरिनेछ ।
- गर्भवती चेकजाँच नियमित गरिने छ ।
- सुत्केरी हुन नसकेका जटिल अवस्थामा तत्काल उद्धारका लागि हेलिकप्टर,एम्बुलेन्स तथा अन्य दुत्र व्यवस्था गरिनेछ ।

**ग). शिक्षा**

- हरेक शिक्षकको हातमा ल्यापटप, शिक्षकलाई तालिम ,सुचना मैत्री शिक्षा र स्वच्छ वातावरण मैत्री विधालय बनाईनेछ ।
- निजी विधालय सग सहकार्य गरि ज्ञानको आदान प्रदान मार्फत बालबालिकालाइ योग्य बनाइने छ भने त्यसका लागि सबै शिक्षकहरुलाई अनिवार्य तालिम दिइनेछ ।
- खोज अनुसन्धानमुलक शिक्षामा जोड दिइनेछ । यसका लागि दक्ष शिक्षकको व्यवस्थापन र पाका शिक्षकहरुको सम्मान गरिदै लगिनेछ ।
- विधालयमा अनिवार्य इन्टरनेटको व्यवस्था गरिनेछ ।
- इ सि डि का शिक्षिकाहरुको शैक्षिक योग्यता अनिवार्य १२ पास गरेको हुनु प्रने छ ।
- आगामि आ व भित्र कक्षा १ बाट अनिवार्य अंग्रेजी माध्याम लागु गरिने छ । यसका लागि दक्ष जनशक्ति व्यवस्थापन गर्दै लगिने छ ।
- माध्यामिक विध्यालयहरुमा अनिवार्य व्यवस्थापन संकायमा प्रमाणपत्र तह पास गरेको लेखापाल राखिने छ ।

**घ) सस्कृती प्रवर्द्धन**

- पालिकामा एउटा सास्कृतीक सग्राहालय निर्माण गरिनेछ ।
- लोपउन्मुख भेषभुषा तथा सस्कृतीको जर्गेना गर्न साँकृतिक सप्ताह मनाउने व्यवस्था गरिनेछ ।
- परम्परागत मठमन्दीर पुर्ननिर्माण गरिनेछन् ।

**ङ) लैगिक समानता तथा सामाजिक समावेशीकरण**

- सबै प्रकारका विभेद अन्त्यका लागी विशेष कार्यक्रम ल्याइनेछन ।
- सबै दलित समुदायका सबै परिवारका लागि एक परिवार एक आयआर्जन कार्यक्रम ल्याईनेछ ।
- भुमिहिन दलित तथा विपन्न परिवारलाई जमिनको व्यवस्था गरिनेछ ।
- दलित तथा विपन्न समुदायका उच्च शिक्षा अध्ययनरत छात्राछात्रहरुलाई छात्रबृद्धीमा विशेष प्राथमिकता दिईनेछ।
- महिलाहरुलाई पुरुष सरहको समान सहभागितामा पुराउन महिला लक्षीत क्षमता अभिबृद्धी तालिम सचालन गर्ने, महिला अनुकुल निती बनाउने र अनुदानका कार्यक्रम लागु गरिनेछन ।
- एक घर एक महिला क्याप्टन, एक टोल एक महिला समुह, एक वडा एक महिला मञ्च गठन गरिनेछ ।
- आगामी आ.व. बाट बालमैत्री बजेटलाई प्राथमिकता दिइनेछ ।
- सबै विधालयमा बालक्लव गठन गरिनेछ । बालक्लवलाई आवश्यक क्षेत्रमा सहभागिताको सुनिश्चीतताको निती लिईनेछ ।
- ज्येष्ठ नागरिक मञ्च गठन गरिनेछ । ज्येष्ठ नागरिक गफ चौतारी निर्माण गरिनेछन।
- सामाजिक सुरक्षा भत्तालाई बैकिङ्ग प्रणाली मार्फत सबैको घरनै पुराउने व्यवस्था गरिनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरुलाई समानता तथा दक्षता अनुसारको काम र आवश्यक तालिमहरुको व्यवस्था गरिनेछ ।

**४. वन वातबरण तथा विपद् व्यवस्थापन**

- वन क्षेत्रको संरक्षणका लागि वन उपभोक्तालाई सक्रीय वनाईनेछ । हरेक वन उपभोक्ता समितीलाई तालिम तथा आवश्यक सामाग्रीको व्यवस्थापन गरिनेछ ।
- भुमि बैकको स्थापना गरि भुमिविहीन तथा इच्छुक व्यवसायीलाई उपयोगमा लगाईनेछ ।
- जलवायु अनुकुलन कार्यक्रम लागु गरिनेछ ।
- कटान हुदै गएको जमिनको संरक्षणका लागि तड्बन्धन तथा बृक्षारोपण कार्यक्रम लागु गरिनेछ ।
- हरेक विपद्को सामाना गर्न तथा विपदमा परेकाको लागि आवश्यक राहतलाई दुर्तमार्गको व्यवस्था गरिनेछ ।
- एक वडा एक हेलिप्याड निर्माण गरिने छ ।

**५. सुशासन तथा संस्थागत विकास**

- कार्यालयको कामलाई पारदर्शि र प्रविधी मैत्री बनाइनेछ ।
- हरेक सुचनालाई सवै नागरिकको मोवाइलमा पुग्ने गरि एसएमएस प्रणाली लागु गरिनेछ ।
- पालिकाको मोवाइल एप्स निर्माण गरिनेछ ।
- आजको काम आजै भोलिको काम भोली निती लागु गरिनेछ ।

- कार्यालयको सेवालाई जनता अनुकुल बनाईनेछ ।
- सबै जनप्रतिनिधीहरु र कर्मचारीहरुलाई प्रविधीमा जोडिनेछन ।
- हरेक महिनाको कामको प्रगतिको सुचना जनताको घरमा पुराउने व्यवस्था गरिनेछ
- बार्षिक रुपमा वडा स्तरमा अन्तरक्रिया तथा सार्वजनिक सुनुवाई कार्यक्रम गरिनेछ
- बार्षिक रुपमा स्थानीय सरकारको कामको सर्वेक्षण तेस्रो पक्षलाई जिम्मा दिएर हरेक नागरिकमा गएर गरिनेछ ।
- पालिकालाई आन्तरिक आयमा मदबुद बनाउन राजस्व बृद्धीलाई विशेष जोड दिइनेछ ।
- आग्रह वा पूर्वाग्रह विहिन भएर बजेट बिनियोजनमा आवश्यकतालाई प्राथमिकता दिइनेछ ।

**अध्यक्ष महोदय**

अव म आ व ०७९।०८० का लागी संघिय सरकार, प्रदेश सरकार र आन्तरिक आयको समग्र अनुमानित आय प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**संघिय सरकारबाट प्राप्त रकम**

समानीकरण रु ८ करोड १८ लाख

शसर्त अनुदान रु १५ करोड ६५ लाख

राजस्व बाँडफाँड रु ७ करोड ५ लाख

समपुरक रु १ करोड ४५ लाख

बिशेष अनुदान रु १ करोड ६० लाख

**प्रदेश सरकारबाट प्राप्त रकम**

राजस्व बाँडफाँड रु ९ लाख ६२ हजार

बिशेष अनुदान रु ६० लाख

समपुरक अनुदान रु ३० लाख

समानिकरण रु ५४ लाख ८३ हजार

आन्तरिक आम्दानी रु २५ लाख विस हजार

कुल अनुमानित आय रु ३५ करोड ६७ लाख ४५ हजार

**अध्यक्ष महोदय**

अव म आर्थीक बर्ष ०७९।०८० का लागि क्षेत्रगत व्यय विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

कार्यालय संचालन तथा प्रशासनिकतर्फ रु ९ करोड ७३ लाख

आर्थिक विकास तर्फ रु ७ करोड ५० लाख

पूर्वाधार विकासतर्फरु ८ करोड ८९ लाख २५ हजार

सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रतर्फरु ३ करोड ८० लाख

सामिजिक विकासतर्फरु ५ करोड ७५ लाख २० हजार

**संघीय र प्रदेश सरकार वाट प्राप्त हुने राजश्व वाडफाड, समानिकरण अनुदान, विशेष अनुदान र आन्तरीक स्रोत सहित जम्मा रु ३५ करोड ६७ लाख ४५ हजार विनियोजन गरेको छु ।**

**अन्य योजना तथा कार्यक्रम लगायत राजश्वको विस्तृत विवरण अनुसुचिमा व्यवस्था गरिएकोछ ।**

**अध्यक्ष महोदय**

बजेट तयार गर्दा गाउँपालिकाको आवधिक योजना बस्ति स्तरबाट आएका योजना तथा प्राथमिकरणको सिद्धान्तलाइ मध्यनजर गरि ल्याइएको छ । आवश्यकताहरु धेरै र सिमित स्रोतका कारण सबै क्षेत्रलाइ एकैपटक समेट्न सकिने अवस्था नहुने भएकाले योजनाहरुलाइ प्राथमिकिकरण गर्नु हाम्रो बाध्यता हो । यस बिषयलाइ सम्पूर्ण सदस्यज्यूहरुले मनन गर्नु हुनेछ र विनियोजित बजेटको कार्यान्वयनमा सक्रिय सहभागिता रहने अपेक्षा राखेको छु ।

अन्तमा बजेट तयारीमा सहयोग गर्नु हुने जनप्रतिनिधि,कर्मचारी साथीहरु अन्य महानुभावज्यूहरु प्रति आभार व्यक्त गर्दछु ।

**धन्यवाद**